# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) हेटौंडा, नेपाल, असार ३० गते, २०८२ साल (अतिरिक्ताङ्क ०३

## भाग १

## बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

### हेटौंडा, नेपाल

बागमती प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### संवत् २०८२ सालको ऐन नं. ०१

### आर्थिक वर्ष २०८२।०८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** आर्थिक वर्ष २०८२।०८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन संवत् २०८२ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८२।०८३ को लागि प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०८२।०८३ को लागि अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका लागि सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पुँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रु.६७,४५,८१,६८,०००।- (अक्षरेपि सतसट्ठी अर्ब पैंतालिस करोड एकासी लाख अठसट्ठी हजार रुपैयाँ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।०८३ को लागि अनुसूची-२

को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरिनेछ।

४. **<u>अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही आर्थिक वर्ष २०८२।०८३ को लागि खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको मितिदेखि अधिकारप्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले संवत् २०८२ साल असोज मसान्तभित्र विनियोजन भएको रकम खर्च गर्ने निकायलाई हासिल गर्नु पर्ने प्रतिफल र उपलब्धी सहित स्रोतगत बाँडफाँट गरी सोको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ।

तर,

(क) विनियोजन भएको उक्त रकम कुनै मनासिब कारणले सो समयावधिभित्र बाँडफाँट गर्न

नसकेमा त्यस्तो विनियोजन भएको निकायको प्रमुखले सोको कारण खुलाई सम्बन्धित मन्त्रालयमा अनुरोध गरेमा संवत् २०८२ साल पुस महिनाभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृतिमा सम्बन्धित मन्त्रालयले त्यस्तो रकम बाँडफाँट गर्न सक्नेछ। सो थप समयावधिभित्र बाँडफाँट नभएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्नेछ।

(ख) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय सरकारबाट आर्थिक वर्षको बीचमा प्राप्त हुने वित्तीय हस्तान्तरणको हकमा यो व्यवस्था लागू हुने छैन।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमलाई बजेट कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिने र सम्बन्धित निकायको प्रमुखलाई खर्च गर्ने अख्तियारी प्राप्त भएको मानिनेछ।

५. **<u>रकमान्तर तथा स्रोतान्तर सम्बन्धी व्यवस्थाः</u>** (१) दफा ३ बमोजिमको अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरेको रकममध्ये कुनै अनुदान सङ्केतमा बचत हुने र कुनै अनुदान सङ्केतमा अपुग हुने देखिएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान सङ्केतबाट अपुग हुने अनुदान सङ्केतमा रकमान्तर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रकमान्तर गर्दा जम्मा विनियोजित रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केतबाट अर्को एक वा एकभन्दा बढी अनुदान सङ्केतमा रकमान्तर गर्न, निकासा र खर्च लेख्न, चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा स्रोतान्तर गर्न सकिनेछ।

तर,

(क) एउटै अनुदान सङ्केतभित्रको बजेट उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पुँजीगत खर्च शीर्षकतर्फ र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन।

(ग) पुँजीगत अनुदान शीर्षकमा विनियोजित रकम चालु अनुदान शीर्षकमा रकमान्तर गर्न सकिने छैन।

(३) स्थानीय तहका लागि अनुदान सङ्केत ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान सङ्केतमा रकमान्तर हुनेछैन।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान सङ्केत ६०१ र ६०२ मा विनियोजन भएको रकम जुन अनुदान सङ्केतमा निकासा र खर्च हुने हो सोही अनुदान सङ्केतमा रकमान्तर गर्न तथा निकासा र खर्च लेख्न बाधा पर्ने छैन।

(५) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै आयोजना वा कार्यक्रम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई संशोधन गर्न सक्नेछ।

तर स्वीकृत आयोजना वा कार्यक्रम अन्तर्गतको एउटै खर्च शीर्षकभित्रको क्रियाकलाप संशोधन गर्नु पर्ने वा क्रियाकलाप परिवर्तन गर्नु पर्ने भएमा स्रोतमा परिवर्तन नहुने गरी आवश्यकता र औचित्यका आधारमा संवत् २०८२ साल पुष मसान्तभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई सम्बन्धित लेखा उत्तरदायी अधिकृतले गर्न सक्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको त्रैमासिक विभाजनमा संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले एक तहमाथिको कार्यालय प्रमुखको स्वीकृति लिनु पर्नेछ।

तर, अधिकृत एघारौं तह वा सो सरहका वा सो भन्दा माथिका कर्मचारी प्रमुख भएको निकायमा निजले त्रैमासिक विभाजनमा संशोधन गर्न बाधा पुगेको मानिने छैन।

(७) उपदफा (६) बमोजिम संशोधन भएको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ।

(८) प्रदेशका कुनै मन्त्रालय, सचिवालय, आयोग वा अन्तर्गतका कार्यालयको स्वीकृत कार्यक्रम प्रदेशका अन्य मन्त्रालय, सचिवालय, आयोग वा अन्तर्गतका कार्यालयहरूबाट कामको प्रकृति, विज्ञता तथा कार्यक्षेत्रका आधारमा कार्यान्वयन गराउनु पर्ने भएमा सुरुमा विनियोजन भएका मन्त्रालय, सचिवालय, आयोगका सचिवले कार्यान्वयन गराउनु पर्ने मन्त्रालय, सचिवालय, आयोगका सचिवलाई अख्तियारी दिई कार्यान्वयन गराउन सकिनेछ।

(९) प्रदेश गौरवको आयोजना वा बहुवर्षीय आयोजना वा स्रोत सहमति प्रदान गरिएका आयोजना वा कुनै भवन निर्माणको लागि विनियोजन भएको रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश गौरवको आयोजना वा बहुवर्षीय आयोजना वा स्रोत सहमति प्रदान गरिएका आयोजना बाहेक अन्यत्र रकमान्तर गर्न पाइने छैन।

(१०) चालु वर्षको स्वीकृत कार्यक्रमभित्रको आयोजनाको लागि रकमान्तर गरी बजेट थप गर्नु पर्ने भएमा त्यस्तो आयोजनामा

सुरु विनियोजन भएको रकमको चार गुणाभन्दा बढी रकमान्तर गर्न पाइने छैन।

(११) लेखा उत्तरदायी अधिकृतले देहाय बमोजिमको अवस्थामा रकमान्तर गर्न पाउने छैनः-

(क) सुरु विनियोजन नभएको खर्च सङ्केतमा,

(ख) नयाँ क्रियाकलापमा,

(ग) आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिमा।

(१२) चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमभित्रको आयोजनाको लागि विनियोजन भएको रकमबाट वार्षिक लक्ष्य हासिल हुने गरी खरिद सम्झौता भई बचत भएको रकमबाट थप खरिद कार्य गर्न पाइने छैन।

(१३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संवत् २०८२ साल असार १ गतेपछि यस ऐनमा समावेश भएको आयोजना वा कार्यक्रमको स्वीकृत बजेटको सीमाभित्र रही यो ऐन प्रारम्भ भएपछि खरिद सम्झौता गर्ने गरी प्रचलित कानून बमोजिम खरिद प्रक्रिया सुरु गर्न बाधा पर्ने छैन। त्यसरी खरिद प्रक्रिया सुरु गर्दा बहुवर्षीय दायित्व सिर्जना हुने भएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।

(१४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सभाबाट स्वीकृत भएका थप कार्यक्रम तथा आयोजनाहरुलाई

कार्यान्वयन गर्न गराउन यसै ऐनको अङ्ग मानी रकमान्तर तथा स्रोतान्तर गर्न सकिनेछ।

६. <u>अन्तर-सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था:</u> (१) अनुदान सङ्केत ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी वित्त हस्तान्तरणको रूपमा स्थानीय सञ्चित कोषमा दाखिला गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले स्थानीय तहको सञ्चित कोषमा संवत् २०८२ सालको भदौ १५ गते, कात्तिक १५ गते, माघ १५ गते र संवत् २०८३ सालको वैशाख १५ गते गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

(३) उपदफा (२) बमोजिमको समानीकरण अनुदानको पहिलो र दोस्रो किस्ता सुरु अनुमान बमोजिम, तेस्रो किस्ता पुस मसान्तसम्मको राजस्व सङ्कलन र लक्ष्यको अनुपातको आधारमा र चौथो किस्ता चैत्र मसान्तसम्मको राजस्व सङ्कलन र लक्ष्यको अनुपातको आधारमा पुनः निर्धारण गरी हस्तान्तरण गरिनेछ।

(४) उपदफा (१) बमोजिमको अनुदान रकममध्ये सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान रकमको एक चौथाइले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा संवत् २०८२ सालको भदौ १५ गते, कार्तिक १५ गते,

माघ १५ गते र संवत् २०८३ सालको वैशाख १५ गते गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

(५) स्थानीय तहले सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित गाउँ सभा वा नगर सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेस गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम कार्ययोजनाको भौतिक प्रगति तथा खर्च भएको रकमको विवरण स्थानीय तहले संवत् २०८२ सालको कार्तिक १ गते, माघ १ गते, संवत् २०८३ सालको वैशाख १ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेस गर्नु पर्नेछ।

(७) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (६) बमोजिमको विवरण प्राप्त नभएसम्म सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापतको बाँकी किस्ता रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गरिने छैन।

(८) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सशर्त, समपूरक र विशेष अनुदानका रकम खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र सम्बन्धित स्थानीय तहले प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम बचत रकम फिर्ता दाखिला नगरेको अवस्थामा त्यस्तो रकम र अघिल्ला आर्थिक वर्षहरुमा बाँकी भएकोमा सो रकम समेत प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको रकमबाट कट्टा गरी समायोजन गर्नेछ।

(१०) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण हुने सबै प्रकारका वित्तीय हस्तान्तरण अनुदानहरु आर्थिक मामिला तथा योजना मन्त्रालयबाट अन्तर सरकारी वित्तीय हस्तान्तरणको माध्यमबाट पठाउनु पर्नेछ।

(११) वार्षिक बजेटमा समावेश भएको वित्तीय हस्तान्तरण बाहेक आर्थिक वर्षको बीचमा कुनै पनि नयाँ आयोजना वा कार्यक्रमहरू कार्यान्वयन गर्न थप वित्तीय हस्तान्तरण गरिने छैन।

तर, विपद्जन्य अवस्था, महामारी वा आकस्मिक परिस्थितिको रोकथाम, नियन्त्रण तथा प्रतिकार्य र पुनर्स्थापना गर्नु पर्ने अवस्थामा प्रदेश विपद् व्यवस्थापन परिषद्को सिफारिसमा वा

अन्य कुनै विशेष परिस्थितिमा प्रदेश सरकारको निर्णयबाट थप सशर्त अनुदान प्रदान गर्न सकिनेछ।

(१२) उपदफा (११) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सशर्त अनुदान वापत प्रदान गरिने रकम निकासाका सम्बन्धमा प्रदेश सरकारले निर्णय गरे बमोजिम हुनेछ। त्यसरी निकासा भएको रकम सम्बन्धित स्थानीय तहको वार्षिक बजेटमा समावेश गरी खर्च, लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्नेछ।

(१३) सङ्घीय सरकारबाट प्रदेश सरकारलाई प्राप्त सशर्त, समपूरक र विशेष अनुदान रकम खर्च नभई बचत भएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सञ्चित कोष खाताबाट सङ्घीय सञ्चित कोषमा फिर्ता गर्न सक्नेछ।

७. **आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम सङ्घीय सरकारको कुनै निकाय वा स्थानीय तह मार्फत कार्यान्वयन गर्नु पर्ने भएमा सङ्घीय सरकारको निकाय वा स्थानीय तहबाट कार्यान्वयन गर्ने निर्णय सहित प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय पठाउनु पर्नेछ।

तर, यस दफा बमोजिम सङ्घीय सरकारको कुनै निकायबाट पुँजीगत तर्फका आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने भएमा

सङ्घीय सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णयको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय तथा सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै आयोजना वा कार्यक्रम सङ्घीय सरकारको कुनै निकाय वा स्थानीय तह मार्फत कार्यान्वयन गर्ने गरी निर्णय भएमा सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सङ्घीय कार्यालय वा सम्बन्धित स्थानीय तहको कार्यालयलाई प्रदेश निकायको रूपमा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा सिर्जना गरिएको कार्यालय कोडबाट एकल खाता कोष प्रणाली (टी. एस. ए) मार्फत प्रचलित कानून बमोजिम रकम निकासा दिनु पर्नेछ।

(४) स्थानीय तहको योजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले प्रदेशको निकायको नाममा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी निकासा दिनु पर्नेछ। त्यसरी प्राप्त रकम मध्ये आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभई बाँकी रहेको रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।

(५) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पि.एल.एम.बि.आई.एस.) मा सशर्त अनुदानको रुपमा सङ्घीय सरकारबाट प्राप्त स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको एक आयोजना वा कार्यक्रमबाट अर्को आयोजना वा कार्यक्रममा वार्षिक कार्यक्रमको क्षेत्र तथा मूल उद्देश्यमा परिवर्तन नहुने गरी प्रदेश सरकारको विषयगत मन्त्रालयले नेपाल सरकारको विषयगत मन्त्रालय मार्फत रकमान्तर वा कार्यक्रम संशोधन प्रविष्टि गरी मन्त्रालयगत बजेट सूचना प्रणाली (एल.एम.बि.आई.एस.) मा रकमान्तर वा कार्यक्रम संशोधन गर्न पठाएकोमा नेपाल सरकार, अर्थ मन्त्रालयबाट रकमान्तर वा कार्यक्रम संशोधन भई अद्यावधिक भएको जानकारी प्राप्त भएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सरकारको सम्बन्धित विषयगत मन्त्रालयको अनुरोधमा रकमान्तर वा कार्यक्रम संशोधन गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पि.एल.एम.बि.आई.एस.) मा अद्यावधिक गर्न सक्नेछ।

तर, आर्थिक वर्ष सुरु भए पश्चात सङ्घीय सरकारबाट प्राप्त भएको थप सशर्त अनुदानको रकम बाँडफाँट गरी रकमान्तर गर्न बाधा पर्ने छैन।

(६) विशेष अनुदान र समपूरक अनुदानमा आधारित प्रदेशको आयोजना वा कार्यक्रमका हकमा बजेट कार्यान्वयनका लागि बाँडफाँट गर्नु पर्ने भएमा राष्ट्रिय योजना आयोगको सिफारिसमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति प्राप्त भएमा कार्यक्रमको

क्षेत्र तथा उद्देश्यमा प्रतिकूल नहुने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर तथा अख्तियारी संशोधन गर्न सक्नेछ।

(७) आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्रोत सहमति लिई कार्यान्वयनमा रहेको वा सो सहमतिले सिर्जित दायित्व भएको आयोजना वा कार्यक्रमको स्रोत व्यवस्थापन पूर्णरुपमा सुनिश्चित गरेर मात्र नयाँ कार्यक्रम वा आयोजना कार्यान्वयनमा लैजानु पर्नेछ।

(८) प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि स्रोत सहमति प्राप्त भएको आर्थिक वर्षभित्र खरिद प्रक्रिया अगाडि नबढाएमा त्यस्तो स्रोत सहमति स्वतः निष्क्रिय हुनेछ। त्यसरी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोत सहमति प्रदान गर्दा मध्यमकालीन खर्च संरचनालाई समेत आधार लिनु पर्नेछ।

(९) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको पूर्वाधार सम्बन्धी आयोजना कार्यान्वयन गर्नुपूर्व सम्बन्धित विषयगत मन्त्रालय वा निकायले आयोजना बैङ्कमा प्रविष्टि सम्बन्धी सबै प्रक्रिया पूरा गर्नु पर्नेछ। आयोजना बैङ्कमा प्रविष्टि भएको आयोजना एकै आर्थिक वर्षमा अध्ययन सम्पन्न गरी विनियोजित रकमको सीमाभित्र रही कार्यान्वयन गर्न सकिनेछ।

(१०) भवन निर्माणको लागि विनियोजन भएको रकमबाट सरकारी स्वामित्वको जग्गामा मात्र निर्माण कार्य गर्नु पर्नेछ।

८. **<u>लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण सम्बन्धी व्यवस्थाः</u>** (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको छुट्टै लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई सम्बन्धित तहको केन्द्रीय निकायमा र सुरु विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

(३) सङ्घीय सरकारबाट सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएका कुनै आयोजना वा कार्यक्रम प्रदेशले कार्यान्वयन गर्ने गरी वित्तीय हस्तान्तरण मार्फत प्राप्त भएमा सो बजेट खर्च गर्ने निकायले बजेटको स्रोत र भुक्तानी विधि सम्झौतामा निर्दिष्ट गरेको ढाँचामा तोकिएको समयभित्र वित्तीय प्रतिवेदन तयार गरी प्रदेश सरकारको सम्बन्धित मन्त्रालय मार्फत सङ्घीय सरकारको सम्बन्धित मन्त्रालय, शोधभर्ना माग गर्ने निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउनु पर्नेछ। वित्तीय विवरण लगायतका खर्चको फाँटवारी एकल खाताकोष प्रणाली (टि.एस.ए.) मा प्रविष्टि गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम वित्तीय विवरण तथा खर्चको फाँटवारी भुक्तानी प्रणालीमा प्रविष्ट गरे वा नगरेको अनुगमन गर्ने

जिम्मेवारी लेखा उत्तरदायी अधिकृत र प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

९. **वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः** (१) स्थानीय तहले सङ्कलन गरेको राजस्व र यस ऐन तथा प्रचलित कानून बमोजिम प्राप्त गरेको राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरण बापतको रकम कानून बनाई खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहायका कुराहरु पालना हुने गरी बनाउनु पर्नेछः

(क) नेपाल सरकार तथा प्रदेश सरकारको आर्थिक र वित्तीय नीति अनुसरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि मात्र खर्च गर्ने,

(घ) पुँजीगत खर्च तर्फ विनियोजित रकम चालु खर्चमा रकमान्तर नगर्ने,

(ङ) सन्तुलित बजेट तर्जुमा गर्ने तथा मध्यमकालीन खर्च संरचनाको सीमाभित्र रही दायित्व सिर्जना गर्ने,

(च) आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली प्रचलित कानूनले निर्धारण गरे बमोजिम लागू गर्ने।

(३) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक मार्गदर्शन जारी गर्न सक्नेछ। सो मार्गदर्शन सबै निकाय वा कार्यालयले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

(४) आर्थिक वर्ष २०८२।०८३ को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १० बमोजिमका आयोजना वा कार्यक्रम मात्र कार्यान्वयनमा लैजानु पर्नेछ।

(५) स्थानीय तहले सङ्कलन गर्ने मनोरञ्जन कर, विज्ञापन कर तथा ढुङ्गा, गिटी, बालुवा, दहत्तर बहत्तर, माटोको शुल्क लगायतको प्रदेश र स्थानीय तह बीच बाँडफाँट हुने राजस्वको चालिस प्रतिशतले हुन आउने रकम हरेक महिना बाँडफाँट गरी प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम बाँडफाँट गरी दाखिला गर्नु पर्ने रकम दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम सम्बन्धित स्थानीय तहलाई बाँडफाँट हुने सवारी साधन करबाट कट्टा गरी समायोजन गर्न सक्नेछ।

(७) स्वीकृत बजेट र कार्यक्रममा समावेश भएको बाहेक आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा प्रदेश सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।

(८) यस ऐन बमोजिम विनियोजन भएको रकमभन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने, ठेक्का लगाउने वा खरिद प्रक्रिया प्रारम्भ गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम सम्बन्धित अधिकारीले कारबाही गर्नु पर्नेछ।

१०. <u>**कानून विपरीत विनियोजन भएको नमानिने:**</u> (१) यस ऐनमा व्यवस्था भएको विषयमा यस ऐन बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रममा तात्विक फरक नपर्ने गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पि.एल.एम.बि.आई.एस.) मा प्रविष्टि तथा विनियोजनमा भएको त्रुटी आर्थिक मामिला तथा योजना मन्त्रालयले जुनसुकै बखत सच्याउन सक्नेछ।

(३) यस ऐन बमोजिम कुनै सेवा र कार्यको लागि रकम विनियोजन गर्दा प्रचलित कानून बमोजिम पूरा हुनु पर्ने कुनै प्रक्रिया पूरा भएको रहेनछ भने त्यस्तो प्रक्रिया पूरा नभएको आधारमा मात्र त्यसरी विनियोजित रकम कानून विपरीत विनियोजन भएको मानिने छैन।

११. <u>**निर्देशिका, कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्ने:**</u> (१) बजेट विनियोजनलाई प्रभावकारी बनाउन तथा यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड वा मार्गदर्शन बनाउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएको कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने देखिएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले कार्यविधि बनाउन सक्नेछ। त्यस्तो कार्यविधि स्वीकृत भएको सात दिनभित्र सम्बन्धित मन्त्रालयको वेबसाइटमा राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निर्देशिका, कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

**१२. आवश्यक व्यवस्था गर्न सक्नेः** (१) यो ऐन कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

## अनुसूची- १

### (दफा २ सँग सम्बन्धित)

### प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम

(रकम रु. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **अनुदान सङ्केत** | **शीर्षकको नाम** | **चालु खर्च** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १. | २०२ | प्रदेश सभाको सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा | १०४५९ | ० | १०४५९ |
| २. | २१० | प्रदेश लोक सेवा आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सुविधा | ६२०० | ० | ६२०० |
| ३. | ६०२ | अदालतको फैसला वा आदेश अनुसार तिर्नु पर्ने रकम | २५०० | ० | २५०० |
| **जम्मा** | | | **१९१५९** | ० | **१९१५९** |

# अनुसूची- २

## (दफा २ र ३ सँग सम्बन्धित)

## प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम

(रकम रु. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान सङ्केत | शीर्षकको नाम | चालु खर्च | पुंजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १. | २०२ | प्रदेश व्यवस्थापिका | २६५०४९ | २५०४७ | ० | २९००९६ |
| २. | २१० | प्रदेश लोक सेवा आयोग | ९६३०० | ५०५५ | ० | १०१३५५ |
| ३. | २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १७९९२ | ९१६४ | ० | २७१५६ |
| ४. | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५०९३५८ | २८७०० | ० | ५३८०५८ |
| ५. | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १८०४५१ | ३९११० | ० | २१९५६१ |
| ६. | ३०७ | उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय | ५५७००५ | २२२६५७ | ० | ७७९६६२ |
| ७. | ३१२ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २३७४७७१ | २५९५०९ | ० | २६३४२८० |
| ८. | ३१३ | खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय | ४१२१५७ | ६८७४९९८ | ० | ७२८७१५५ |
| ९. | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २६३५३१ | ३५७६६५ | ० | ६२११९६ |
| १०. | ३२५ | संस्कृति तथा पर्यटन मन्त्रालय | ४६६५७७ | ३२१०५०९ | ० | ३६७७०८६ |
| ११. | ३२९ | वन तथा वातावरण मन्त्रालय | १२७७९१२ | २७१८८६८ | ० | ३९९६७८० |
| १२. | ३३६ | सहकारी तथा गरिबी निवारण मन्त्रालय | २१६९१६ | ४०९०५ | ० | २५७८२१ |
| १३. | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ४४८१६९ | २४३५३७३५ | ० | २४८०१९०४ |
| १४. | ३४३ | युवा तथा खेलकुद मन्त्रालय | ३२६२१५ | ८४१८२३ | ० | ११६८०३८ |
| १५. | ३५० | सामाजिक विकास मन्त्रालय | ३६३५२६१ | ७२४४८४ | ० | ४३५९७४५ |
| १६. | ३७० | स्वास्थ्य मन्त्रालय | ३४७४६०९ | ४९४२२१ | ० | ३९६८८३० |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **अनुदान सङ्केत** | **शीर्षकको नाम** | **चालु खर्च** | **पुँजीगत खर्च** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १७. | ३७१ | श्रम रोजगार तथा यातायात मन्त्रालय | ६५१७०३ | २२२४६० | ० | ८७४१६३ |
| १८. | ३९१ | प्रदेश नीति तथा योजना आयोग | ४००९८ | ३७२६ | ० | ४३८२४ |
| १९. | ५०१ | आर्थिक मामिला तथा योजना मन्त्रालय - वित्तीय व्यवस्था | ० | ० | ० | ० |
| २०. | ६०१ | आर्थिक मामिला तथायोजना मन्त्रालय - कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ४०००० | ० | ० | ४०००० |
| २१. | ६०२ | आर्थिक मामिला तथा योजना मन्त्रालय – विविध | २११२५०० | १०००००० | ० | ३११२५०० |
| २२. | ८०१ | स्थानीय तह | ८६५८९५८ | ० | ० | ८६५८९५८ |
| **जम्मा** | | | **२६०२५५३२** | **४१४३२६३६** | **०** | **६७४५८१६८** |

**प्रमाणीकरण मितिः २०८२।०३।३०**

**आज्ञाले,**
**कृष्ण बहादुर शाही**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. १०।-